## एनएमबि बैंक लिमिटेडको
## उनन्तीसौं वार्षिक साधारण सभाको विवरण (माईन्यूट)

१. **प्रारम्भिक :**

एनएमबि बैंक लिमिटेडको मिति २०८१/०८/२८ गते बसेको सञ्चालक समितिको ४७९औं बैठकको निर्णयानुसार कम्पनी ऐन, २०६३, बैंक तथा वित्तीय संस्था सम्बन्धि ऐन, २०७३ र बैंकको प्रवन्धपत्र तथा नियमावलीमा उल्लेखित व्यवस्थाहरु बमोजिम बोलाईएको उनन्तीसौं वार्षिक साधारण सभा बैंकको सञ्चालक समितिका अध्यक्ष श्री मनोज कुमार गोयलको सभापतित्वमा निम्न उल्लेखित मिति, स्थान र समयमा बसी देहायका बिषयहरु उपर छलफल गरी निम्नानुसार निर्णय भयो ।

**साधारण सभा बसेको मिति, स्थान र समय:**

मिति : २०८१ साल पौष महिना २५ गते, बिहिबार (तद्नुसार जनवरी ९, २०२५)

स्थान : त्रिभुवन आर्मी अफिसर्स क्लब, टुँडिखेल, काठमाडौं ।

समय : बिहान १०:०० बजे

२. **उपस्थिति:**

(अ) **सञ्चालकहरू:**

| सि.नं. | सञ्चालकहरुको नाम | पद | उपस्थिति/अनुपस्थिति |
|---|---|---|---|
| १ | श्री मनोज कुमार गोयल | अध्यक्ष | उपस्थित |
| २ | श्री शर्मिला सञ्जिव हार्दि प्रकाश | सञ्चालक | उपस्थित |
| ३ | श्री ठाकुर जंग थापा | सञ्चालक | उपस्थित |
| ४ | श्री उत्तम भ्लोन | सञ्चालक | उपस्थित |
| ५ | श्री हरिश्चन्द्र सुवेदी | सञ्चालक | उपस्थित |
| ६ | श्री शिरिष कुमार मुरारका | सञ्चालक | उपस्थित |
| ७ | श्री बन्दना पाठक | स्वतन्त्र सञ्चालक | उपस्थित |

(आ) **आमन्त्रित प्रतिनिधिहरू:**

| | | |
|---|---|---|
| १ | श्री आर्नो डि भेट | प्रतिनिधि, एफएमओ, नेदरल्याण्डस् |
| २ | श्री टि पुराहरन सि पि रामकृष्णन | प्रतिनिधि, योंग लियन रियाल्टी, मलेशिया |
| ३ | श्री रामचन्द्र पोखरेल | प्रतिनिधि, कर्मचारी सञ्चय कोष |
| ४ | श्री नविन कुमार भट्टराई | प्रतिनिधि, कम्पनी रजिष्ट्रारको कार्यालय |
| ५ | श्री मदन कुमार डंगोल | प्रतिनिधि, कानूनी सल्लाहकार |
| ६ | श्री अमन उप्रेती | प्रतिनिधि, (लेखापरीक्षक- एस.ए.आर. एशोसिएट्स) |

(इ) **पदाधिकारीहरू:**

| | | | |
|---|---|---|---|
| १ | श्री सुनिल के.सी. | – | प्रमुख कार्यकारी अधिकृत |
| २ | श्री सुदेश उपाध्याय | – | नायव प्रमुख कार्यकारी अधिकृत |
| ३ | श्री गोविन्द घिमिरे | – | नायव प्रमुख कार्यकारी अधिकृत |
| ४ | श्री प्रमोद कुमार दाहाल | – | चिफ अफिसर - सर्भिस, अपरेसन्स तथा सपोर्ट र कम्पनी सचिव |
| ५ | श्री नविन मानन्धर | – | चिफ रिस्क अफिसर |
| ६ | श्री श्रीजेश घिमिरे | – | चिफ अफिसर- ट्रान्सफरमेसन्स तथा ईन्टरनेशनल बिजनेश |

| | | | |
|---|---|---|---|
| ७ | डा. बुद्धि कुमार मल्ल | – | चिफ अफिसर- सर्भिस एक्सेलेन्स |
| ८ | श्री रोशन रेग्मी | – | चिफ अफिसर- ईन्फरमेशन टेक्नोलोजी तथा डिजिटल सर्भिस |
| ९ | श्री मृदुल पराजुली | – | चिफ फाइनान्स एण्ड प्लानिङ्ग |

(ई) **शेयरधनीहरू :**

| विवरण | संस्थापक | सर्वसाधारण | जम्मा |
|---|---|---|---|
| स्वयं तथा प्रतिनिधि मार्फत जम्मा उपस्थित शेयरधनी संख्या | २०६ | १,०८१ | १,२८७ |

३. **सभाको सभापतित्व तथा वैधानिकता :**

वार्षिक साधारण सभा सञ्चालनको लागि कम्पनी ऐन, २०६३ मा भएको व्यवस्था अनुसार बैंकको सञ्चालक समितिका अध्यक्ष श्री मनोज कुमार गोयललाई सभाको सभापतित्व ग्रहण गर्न अनुरोध गरिए अनुरूप उहाँले सभाको सभापतित्व गर्नुभयो । बैंकको उनन्तीसौं वार्षिक साधारण सभा शुरू हुनु अगावै कम्पनी ऐन, २०६३ को दफा ६९ मा भएको व्यवस्था अनुसार उपस्थित शेयरधनीहरूले सभाको वैधानिकता बारे यकिन गर्ने सम्बन्धमा सभाको सभापतिको आज्ञाले कम्पनी सचिव श्री प्रमोद कुमार दाहालले देहायका विवरणहरू प्रस्तुत गर्नुभयो ।

(क) **साधारण सभाको बारेमा सार्वजनिक सूचना :**

यस बैंकको उनन्तीसौं वार्षिक साधारण सभा हुने मिति, स्थान, समय र छलफल हुने विषयको सूचना कम्पनी ऐन, २०६३ को दफा ६७ बमोजिम शेयरधनीहरूको जानकारीका लागि राष्ट्रिय दैनिक पत्रिका नेपाल समाचारपत्रमा क्रमश: मिति २०८१/०९/०२ र मिति २०८१/०९/०९ गते गरी दुई पटक प्रकाशित गरिएको थियो । उल्लेखित साधारण सभाको सुचनाहरु प्रकाशित गर्दा कम्पनी ऐन, २०६३ को दफा ८४ को प्रयोजनार्थ आ.व. २०८०/८१ को संक्षिप्त वार्षिक आर्थिक विवरण समेत दुई पटक सोही पत्रिकामा प्रकाशित गरिएको थियो । साथै, शेयरधनी महानुभावहरूको सुविधाको लागि संक्षिप्त वार्षिक आर्थिक विवरणका साथै वार्षिक प्रतिबेदन बैंकको वेबसाइट www.nmb.com.np मा पनि राखिएको थियो ।

(ख) **उपस्थिति :** बैंकको साधारण सभामा बुँदा नं. ३(ग) मा उल्लेखित संख्यामा शेयरधनीहरुले उपस्थिति जनाउनु भएको थियो । साधारण सभामा सञ्चालक समितिका हाल कायम सम्पूर्ण संचालकहरु उपस्थिति रहनु भएको थियो ।

(ग) **गणपूरक संख्या :**

१. यस साधारण सभा प्रयोजनको लागि बैंकको शेयरधनी दर्ता पुस्तिका तथा शेयर दाखिल खारेजीको कार्य बन्द भएको मिति २०८१/०९/११ मा कायम शेयरधनीहरूले लिएको शेयरको विवरण निम्नानुसार रहेको थियो ।

| विवरण | | संस्थापक | सर्वसाधारण | जम्मा |
|---|---|---|---|---|
| कूल संख्या | शेयरधनीहरू | ७२४ | १,५६,३९३ | १,५७,११७ |
| | शेयर | ९,३६,७०,२००.३९ | ८,९९,९६,८५९.२० | १८,३६,६७,०५९.५९ |

कम्पनी ऐन, २०६३ को दफा ७३ बमोजिम सभा सञ्चालनको लागि आवश्यक गणपूरक संख्या (बैंकका शेयरधनीहरूको स्वयं वा प्रतिनिधि मार्फत भएको उपस्थिति एवं उपस्थित शेयरधनीहरूले ग्रहण गरेको शेयरहरूको संख्या) देहाय बमोजिम रहेको थियो ।

| उपस्थित विवरण | | संस्थापक | सर्वसाधारण | जम्मा |
|---|---|---|---|---|
| स्वयं तथा प्रतिनिधि मार्फत उपस्थित संख्या | शेयरधनी संख्या | २०६ | १,०८१ | १,२८७ |
| | शेयर | ७,८३,५४,८६६ | २,२७,१८,४९७ | १०,१०,७३,३६३ |
| उपस्थितिबाट प्रतिनिधित्व भएको प्रतिशत | शेयर | ८३.६५ | २५.२४ | ५५.०३ |

२. कम्पनी ऐन, २०६३ मा भएको व्यवस्था बमोजिम प्रकाशित गरिएको सूचनामा उल्लेखित छलफलका बिषयहरू उपर छलफल गर्न मिति २०८१/०९/२५ मा स्वयं तथा प्रोक्सी मार्फत जम्मा १,२८७ जना शेयरधनीहरूबाट यस बैंकको बाँडफाँड भएको कूल शेयर संख्याको ५५.०३ प्रतिशत प्रतिनिधित्व भएको हुँदा साधारण सभा वैधानिक भएको जानकारी कम्पनी सचिवले सभालाई गराउनु भयो ।

४. **छलफलका विषयहरू :**

(क) **सामान्य प्रस्ताव :**

१. आर्थिक वर्ष २०८०/०८१ को सञ्चालक समितिको वार्षिक प्रतिवेदन पारित गर्ने ।

२. लेखापरीक्षकको प्रतिवेदन सहित २०८१ आषाढ मसान्तको वासलात र आ.व.२०८०/०८१ को नाफा-नोक्सान हिसाब (एकीकृत ईक्विटीमा भएको परिवर्तनको विवरण) तथा नगद प्रवाह विवरण लगायतका वार्षिक वित्तीय विवरणहरु पारित गर्ने (सहायक कम्पनीहरु एनएमबि क्यापिटल लिमिटेड, एनएमबि लघुवित्त वित्तीय संस्था लिमिटेड र एन.एम.बि. सेक्युरिटिज लिमिटेडको एकीकृत वित्तीय विवरणहरु समेत) ।

३. कम्पनी ऐन, २०६३ को दफा १११ तथा बैंक तथा वित्तीय संस्थासम्बन्धी ऐन, २०७३ को दफा ६३ अनुसार आ.व.२०८१/०८२ को लागि लेखापरीक्षकको नियुक्ति तथा निजको पारिश्रमिक तोक्ने ।

(ख) **विशेष प्रस्ताव :**

१. सञ्चालक समितिले प्रस्ताव गरे बमोजिम प्रति शेयर रु.१००।- का दरले रु.३ अर्ब बरावरको "एनएमबि ८.२५% अविमोच्य असञ्चिति अग्राधिकार शेयर" जारी गर्ने प्रस्ताव पारित गर्ने ।

२. अविमोच्य असञ्चिति अग्राधिकार शेयर जारी भए पश्चात बैंकको पुँजी बृद्धि गर्नुपर्ने भएकोले बैंकको हालको अधिकृत पुँजी रु.२०,००,००,००,०००/- (अक्षेरेपि बीस अरब मात्र) रहेकोमा सोलाई बृद्धि गरि रु.२५,००,००,००,०००/- (अक्षेरेपि पच्चीस अरब मात्र) पुऱ्याउने प्रस्ताव पारित गर्ने ।

३. अविमोच्य असञ्चिति अग्राधिकार शेयर जारी भए पश्चात बैंकको हाल कायम जारी तथा चुक्ता पुँजी रु.१८,३६,६७,०५,९५९/२४ (अक्षेरेपि अठार अरब छत्तीस करोड सतसठ्ठी लाख पाँच हजार नौ सय उनन्साठी र पैसा चौबीस मात्र) लाई बृद्धि गरि रु.२१,३६,६७,०५,९५९/२४ (अक्षेरेपि एक्काईस अरब छत्तीस करोड सतसठ्ठी लाख पाँच हजार नौ सय उनन्साठी र पैसा चौबीस मात्र) पुऱ्याउने प्रस्ताव पारित गर्ने ।

४. बैंकको प्रबन्धपत्रको दफा ५(कक)(८), ५(कक)(९), ६(क), ६(ख), ६(ग), ७ र ८(झ) तथा नियमावलीको नियम ७, ८, ९, २५(२), २५(३) र २८ मा आवश्यक थप/संशोधन गर्ने ।

५. बैंकको प्रवन्धपत्र तथा नियमावलीको संशोधनको स्वीकृति लिंदा वा अभिलेख गर्दा गराउंदा केही सामान्य हेरफेर गर्न, संशोधन सम्बन्धी कागजात प्रमाणित गर्न, दाखिला गर्न र अभिलेख गराई लिन तथा

अविमोच्य असञ्चिति अग्राधिकार शेयर जारी गर्नका लागि कुनै थप संशोधन आवश्यक भएमा सो समेत गर्न सञ्चालक समिति वा सञ्चालक समितिले तोकेको पदाधिकारीलाई अख्तियारी प्रदान गर्ने ।

(ग) **विविध ।**

५. **सभाको शुभारम्भ :**

वार्षिक साधारण सभा सञ्चालनका लागि वैधानिक आवश्यकता पूरा भएकाले कम्पनी ऐन, २०६३ मा भएको व्यवस्था अनुसार बैंकको सञ्चालक समितिका अध्यक्ष तथा सभाका सभापति श्री मनोज कुमार गोयलले उपस्थित सम्पूर्ण शेयरधनी महानुभावहरूलाई अभिवादन तथा स्वागत गर्दै सभाको कार्यक्रम अघि बढाउनु भयो ।

६. **वार्षिक प्रतिवेदनको प्रस्तुति :**

सभाको काम कारबाही शुरु गर्ने क्रममा सञ्चालक समितिका अध्यक्ष तथा सभाका सभापतिले कम्पनी सचिवलाई धन्यवाद दिँदै उपस्थित स्वदेशी तथा विदेशी शेयरधनी लगायत सम्पूर्ण महानुभावहरुलाई अभिवादन गर्दै स्वागत गर्नु भयो । उहाँले सञ्चालक समितिको तर्फबाट आर्थिक वर्ष २०८०/८१ को संचालक समितिको वार्षिक प्रतिवेदन प्रस्तुत गर्नु भयो । वार्षिक प्रतिवेदनको प्रस्तुतिका क्रममा उहाँले समिक्षा अवधिमा देशको पूँजिगत खर्च कम हुन गएकाले देशको समग्र आर्थिक विकासमा परेको असर लगायतका कारणहरुले गर्दा कर्जाको माग न्यून भई बैंकले सोचे अनुरुप व्यवसाय विस्तार गर्न नसकेको, कर्जा असुलीमा देखिएका समस्याहरुले गर्दा खराब कर्जा केही बृद्धी हुन गएको तथा बैंकले विगतमा एफपिओ जारी गर्दाको प्रिमियम तथा मर्जर तथा प्राप्ति गर्दा स्वाप अनुपातमा रहेको फरकलाई समेत हिसाव गरी आम्दानी बाँधी समिक्षा वर्षमा कर बुझाउनु परेको अवस्थाबाट समेत यस वर्ष शेयरधनीहरुलाई लाभांश वितरण गर्न नसकेको कुरा समेत उल्लेख गर्नु भयो । बैंकले ५० वटा भन्दा बढी जलविद्युत परियोजनाहरुमा लगानी गर्न सफल भएकोमा उक्त परियोजनाहरुको करिब ९०० मेगावाटको बिद्युत उत्पादन क्षमता रहेको । निक्षेप तथा कर्जा लगानीलाई सन्तुलित रुपमा लैजाने कुरा उल्लेख गर्नुभयो । पुंजी कोष प्रयाप्तता अनुपात नेपाल राष्ट्र बैंकले जारी गरेको निर्देशन अनुसार ११ प्रतिशत रहनु पर्नेमा समिक्षा वर्षमा बैंकको पुंजी कोष प्रयाप्तता अनुपात १२.८४ प्रतिशत रहेकाले भविष्यमा कर्जा विस्तार गर्नका लागि प्रयाप्त पुंजी कोषको आवश्यकता रहेको देखिन्छ । त्यसैले, नेपाल राष्ट्र बैंकबाट जारी गरिएको निर्देशन बमोजिम अविमोच्य असञ्चिति अग्राधिकार सेयर जारी गर्ने प्रकृया अघि बढाउने नीति लिई आजको यस सभामा उक्त विषयलाई समेत छलफलका लागि प्रस्ताव गरिएको र सोलाई समेत पारित गरि दिनु हुन सभा समक्ष अनुरोध गर्नुभयो । उहाँले हाल बैंकमा महिला कर्मचारीहरुको संख्या ४० प्रतिशत रहेकोमा सोलाई बृद्धि गरी ५० प्रतिशत पुर्याउने लक्ष्य रहको, कर्मचारीहरुको कार्यक्षमता विस्तारको लागि आन्तरिक तथा बाह्य तालिमको व्यवस्था गरिएको, डिजिटल बैंकिङ्गलाई प्राथमिकतामा राखि कार्य गरिरहेको कुरा जानकारी गराउँदै चालु अवधिमा बैंकको व्यवसाय सन्तोषजनक रहेकाले शेयरधनीहरुलाई आगामी वर्षमा लाभांश वितरण गर्न सकिने विश्वास ब्यक्त गर्नु भयो ।

७. **छलफलको लागि आह्वान :**

साधारण सभामा निर्धारित प्रस्तावहरूको बिषय-सूची उपर छलफल गर्न सक्ने व्यवस्था कम्पनी ऐनमा भए अनुरूप सभामा प्रस्तुत सञ्चालक समितिको प्रतिवेदन, लेखापरीक्षकको प्रतिवेदन सहितको वासलात, नाफा-नोक्सान हिसाब तथा नगद प्रवाह विवरण लगायत सूचनामा प्रकाशित भए बमोजिमका छलफलका विषयहरु उपर आ-आफ्नो मन्तब्य, बिचार, जिज्ञासा तथा सुझावहरू राख्न चाहाने शेयरधनी महानुभावहरूलाई सहभागी हुन सभापतिबाट अनुरोध भयो ।

NMB BANK LIMITED
एनएमबि बैंक लिमिटेड

८. **छलफलमा सहभागी हुने शेयरधनीहरू :**

देहायका शेयरधनी महानुभावहरूले छलफलमा सहभागि भई आ-आफ्नो विचारहरु (मन्तव्य तथा लिखित सुझावका रुपमा) राख्नु भएको थियो ।

| | | | |
|---|---|---|---|
| क) | श्री शत्रुघन श्रेष्ठ | त) | श्री लक्ष्मण बहादुर श्रेष्ठ |
| ख) | श्री उत्तम दत्त पाण्डे | थ) | श्री माधव प्रसाद सिँखडा |
| ग) | श्री ब्रम्हदेव शाक्य | द) | श्री गोविन्द बाँस्तोला |
| घ) | श्री सुदिप श्रेष्ठ | ध) | श्री दिव्यमणि राजभण्डारी |
| ङ) | श्री चन्द्र नारायण श्रेष्ठ | न) | श्री राम गोपाल महर्जन |
| च) | श्री उद्धब प्रसाद घिमिरे | प) | श्री दामोदर प्रसाद रेग्मी |
| छ) | श्री व्यास कुमार शर्मा | फ) | श्री युगल बसेल |
| ज) | श्री इन्द्र प्रसाद लामिछाने | ब) | श्री ठाकुर प्रसाद कोइराला |
| झ) | श्री गोविन्द बहादुर के.सी. | भ) | श्री उत्सब सुन्दर श्रेष्ठ |
| ञ) | श्री भक्ति प्रसाद उप्रेती | म) | श्री लबराज जोशी |
| ट) | श्री नरसिंह लाल चखूँ | य) | श्री बिजय देव पन्त |
| ठ) | श्री रोज कुमार श्रेष्ठ | र) | श्री कृष्ण प्रसाद अधिकारी |
| ड) | श्री निरुपमा गुप्ता | ल) | श्री आर्नो डि भेट (प्रतिनिधि एफएमओ नेदरल्याण्डस्) |
| ढ) | श्री वैजु नाथ रौनियार | व) | श्री टि. पुराहरन सि.पि. रामकृष्णन (प्रतिनिधि योंग लियन रियाल्टी, मलेसिया) |
| ण) | श्री डमरु बल्लभ घिमिरे | | |

९. **शेयरधनीहरूबाट व्यक्त गरिएका मन्तव्य तथा लिखित सुझावहरूको साराँश :**

- साधारण सभा समयमा नै गरेको भएता पनि अर्को वर्ष अझ छिटो गर्न सुझाव दिनु भयो ।
- बैंक संस्थागत सुशासनमा अब्बल रेहेको जसमा कर्मचारीहरुको योगदान महत्वपूर्ण रहेको उल्लेख गर्नु भयो ।
- निक्षेप संकलनको अनुपातमा लगानी हुन नसकको कारण बैंकको आम्दानी बृद्धि हुन नसकेको धारणा राख्नु भयो ।
- बैंकले अविमोच्य असञ्चिति अग्राधिकार शेयर जारी गर्नु राम्रो भएको धारणा राख्नु भयो । बजारको अवस्था हेरी तोकिएको लाभाँश दर ८.२५% वा सो भन्दा कममा समेत यस्तो शेयर जारी गर्न सकिने भए त्यस्तो व्यवस्था गर्न अनुरोध गर्नु भयो ।
- बैंकहरुमा कर्जा विस्तार हुन नसकेकोले बैंकमा अधिक तरलता रहेको विचार व्यक्त गर्नु भयो ।
- शेयरधनीहरुलाई लाभांश दिन नसकेकोमा संचालक समितिलाई ध्यानाकर्षण गराउनु भयो ।
- बैंकको खराब कर्जा घटाउनका लागि स्पेशल टास्कफोर्स बनाई कार्य गर्न र NBA लाई लिलाम बिक्री गरी घटाउनका लागि आवश्यक पहल गर्न सुझाब दिनु भयो ।
- बैंकले आफ्नै कर्पोरेट भवन बनाउन लागेकोमा समय अनुसार बिचार गर्नु पर्ने देखिएको धारणा राख्नु भयो ।
- बैंकले मुनाफामा मात्र ध्यान नदिई दिगो बैंकिङ्गका लागि कार्य गरिरहेकोमा धन्यबाद दिनु भयो ।
- बिशेष प्रस्ताव अन्तर्गत रहेका प्रस्तावहरुले बैंकको व्यवसाय विस्तार गर्न सहयोग पुग्ने देखिएको धारणा राख्नु भयो ।
- शेयरधनीहरुको मुख्य चाहना लाभांश भएकोले बैंकले आगामी आर्थिक वर्षमा लाभांश दिनेमा आशावादी रहेको धारणा राख्नु भयो ।

- संचालक समिति र व्यवस्थापनले भविष्यमा आउन सक्ने चुनौतीको सामना गर्ने रणनीति बनाएकोमा धन्यबाद दिनु भयो ।
- गैर बैकिङ्ग सम्पत्ति तथा खराव कर्जा बढ्दै गएकोले यसको असुलीका लागि विशेष ध्यान दिन अनुरोध गर्नु भयो ।
- बैंकले राम्रोसँग वार्षिक प्रतिवेदन पेश गरी सकारात्मक सन्देश दिएकोमा धन्यवाद ज्ञापन गर्दै वर्तमान असहज परिस्थितीमा समेत वासलात राम्रो रहेको धारणा राख्नु भयो ।
- शेयरधनीहरुले बुझिलिन बाँकी रहेको लाभांशलाई छिटो बुझ्ने व्यवस्था गरी राफसाफ गर्नु पर्ने धारणा राख्नु भयो ।
- बैंकको लागि चुनौतीको रुपमा खराब कर्जाहरु रहेकाले सो बाट NPL बढेमा लाभांश बाँढ्न नसक्ने कुरा बताउनु भयो ।
- आगामी साधारण सभामा दोहोरो अंकमा प्रतिफल आउने गरी कार्य योजना बनाएर कार्य गर्न, संस्थागत सुशासन कायम राख्न, खर्च मितव्यायिता अपनाउन, कर्जा प्रवाह गर्नु अघि धितो अनुगमन मुल्यांकनमा विशेष ध्यान दिन अनुरोध गर्नु भयो ।
- कोभिड १९ को संक्रमण लगायतका कारणहरुले अर्थतन्त्रमा ठूलो असर परेको छ जसका कारणले बैंकले कर्जा लगानी विस्तार गर्न नसकेको । यस स्थितीमा संचालक समिति तथा व्यवस्थापनले मेहनत तथा सुजबुझका साथ काम गर्नुपर्ने, खराब कर्जा घटाउन विशेष पहल गरी कर्जा असुलीलाई मुल मन्त्र बनाउनु पर्ने भन्दै बैंकले आगामी वर्ष लाभांश बाड्न सकोस भन्ने शुभकामना दिनु भयो ।
- बैंकले जारी गरेको एफपिओ र मर्जरको कारण तिर्न नपर्ने कर तिर्नु परेकोले समेत बैंकले लाभांश वितरण गर्न नसकेको, बैंक अहिले मध्यम स्तरको रहेकोले ठूलो बैंक बन्ने रहर नगर्न र ब्याज आम्दानी बृद्धीमा जोड दिन र मध्यकालिन रणनीति बनाएर अगाडी बढ्न सुझाव दिदै गैर बैंकिङ्ग सम्पत्ति बेचबिखन गर्न र अपलेखन गरिएको कर्जाहरु असुलीमा जोड दिन आग्रह गर्नु भयो ।
- Risk, Credit र Recovery टिम सक्रिय भई Earning Assests Management मा जोड दिन, शाखाहरुको profit level बढाउन सुझाव दिदै बैंकको प्रगतिको लागि कामना गर्नु भयो ।
- बैंकको खुद व्याज आम्दानीमा कमी भएको कारण संचालन नाफामा पनि कमी आएको । आगामी वर्ष ९ प्रतिशतभन्दा बढी लाभांश प्रस्ताव गर्न सक्षम हुनेमा आशा छ भन्दै बैंकको प्रगति निरन्तर हुदै जाने कुरा उल्लेख गर्नु भयो ।
- CSR को रकमलाई अशक्त व्यक्तिहरुको शिक्षामा लगानी गर्न अनुरोध गर्नु भयो ।
- बैंक र यसका सहायक कम्पनीहरुको वित्तीय विवरण हेर्दा प्रगति गरेको देखिएको, बैंकको संस्थागत सुशासन तर्फ गरिरहेको कार्य राम्रो रहेको धारणा राख्नु भयो ।
- आगामी वर्ष लाभांश सहित साधारण सभा गर्न अनुरोध गर्दै यस साधारण सभाका सामान्य र बिशेष प्रस्तावमा समर्थन रहेको उल्लेख गर्नु भयो ।
- साधारण सभामा शेयरधनीहरुबाट फरक फरक सुझावहरु प्राप्त हुने, साधारण सभामा बैंकका पुर्व सञ्चालकहरु र ठूला शेयरधनीहरुको उपस्थिती नदेखिएकोमा गुनासो गर्नु हुँदै लगानीकर्ताहरुलाई साधारण सभामा उपस्थित भएर बैंकको प्रगतीको लागि सुझावहरु दिन अनुरोध गर्नु भयो ।
- बैंकमा लगानीकर्ता र निक्षेपकर्ताको लगानी रहेकोमा निक्षेपकर्ताको लगानीको अनुपात धेरै रहने हुँदा निक्षेपकर्ताको निक्षेप सुरक्षित हुनु पर्ने कुरामा जोड दिनु भयो । बैंकलाई बचाई राख्नको लागि नयाँ नयाँ क्षेत्रमा लगानी गर्नको लागि सुझाव दिनु भयो ।
- बैंकले रु.१ अर्ब ८४ करोड कर तिर्नु परेकोले गर्दा पनि बैंकले लाभांश वितरण गर्न नसकेको कुरा उल्लेख गर्नु हुँदै विद्युत निर्यात गर्नको लागि विदेशबाट थप लगानी आवश्यक रहेको कुरा बताउनु भयो ।

- जलविद्युतको लागि वातवरणीय र सामाजिक जोखिम रहेकोले कर्मचारीहरुको वातवरणीय र सामाजिक क्षेत्रमा दक्षता विकास गर्नु पर्ने कुरा बताउनु भयो ।
- जलविद्युत विकासको लागि एनएमबि बैंक र अर्न्तराष्ट्रिय जलविद्युत विकास संस्थाहरु बीच साझेदारी आवश्यक रहेको कुरा उल्लेख गर्नु भयो ।
- यस बैंक अन्तराष्ट्रिय मापदण्डको वातावरणीय तथा समाजिक व्यवस्थापन प्रणाली पालना गर्ने पहिलो संस्था भएको कुरा उल्लेख गर्नु भयो ।

१०. **शेयरधनीहरूको मन्तव्य र जिज्ञासा उपर सञ्चालक समितिका तर्फबाट प्रतिक्रिया तथा नीतिगत जवाफ :**

**सञ्चालक समितिका अध्यक्ष तथा सभाका सभापतिले शेयरधनीहरुबाट आएको जिज्ञासाहरुका सम्बन्धमा दिनु भएको जवाफः**

सभाका सभापतिले शेयरधनी महानुभावहरुको सक्रिय सहभागिताको लागि धन्यवाद दिनु भयो । शेयरधनी महानुभावहरुबाट प्राप्त सुझावहरुलाई ग्रहण गर्ने कुरा विश्वास दिलाउँदै आफ्नो तर्फबाट प्रयास गर्दा गर्दै पनि बाहिरी कारणहरुले गर्दा लाभांश वितरण गर्न नसक्दा दुःख लागेको छ भन्नु भयो । उहाँले अवस्था सुधार भएमा बैंकले अवश्य पनि राम्रो गर्ने र आगामी वर्ष लाभांश वितरण गर्न सकिने विश्वास व्यक्त गर्दै बैंकको व्यवस्थापन चुस्त रहेको र सबल रुपमा कार्य गरिरहेको, बैंकले जलविद्युत र नविकरणीय उर्जामा ठूलो लगानी गरि अगाडी बढेको सभालाई जानकारी गराउनु भयो । उहाँले अन्य विषयहरुमा प्रमुख कार्यकारी अधिकृतले जवाफ दिनु हुनेछ भन्दै प्रमुख कार्यकारी अधिकृतलाई माईक हस्तान्तरण गर्नु भयो ।

**सञ्चालक समितिका अध्यक्ष तथा सभाका सभापतिको आज्ञाले प्रमुख कार्यकारी अधिकृत श्री सुनिल के.सी.ले शेयरधनीहरूबाट आएको जिज्ञासाहरूका सम्बन्धमा दिनु भएको जवाफ तथा मन्तव्य (साराँशमा) :**

बैंकका प्रमुख कार्यकारी अधिकृतले शेयरधनीहरुको मन्तब्य तथा सुझावहरुको लागि धन्यवाद ज्ञापन गर्नु हुँदै शेयरधनीहरुबाट प्राप्त सुझावहरुलाई ग्रहण गरी अगाडी बढ्ने कुरा व्यक्त गदै शेयरधनीहरुको जिज्ञासा उपर देहायका धारणाहरु राख्नु भयो :

- विगत ५ वर्षको अवधिमा नेपालको बैंकिङ्ग क्षेत्रको लाभांश वितरण औषतमा १४ प्रतिशत रहेकोमा यस बैंकले २ वर्ष देखि लाभाँश वितरण नगरेता पनि ५ वर्षको लाभांशको औषत हेर्दा १५ प्रतिशत रहेको देखिन्छ,
- बैंकिङ्ग क्षेत्रमा अहिलेको जस्तो चुनौतीपूर्ण अवस्था बिगतमा नरहेकोले यस्तो अवस्थामा बैंकलाई मजबुद बनाएर राख्न आवश्यक रहेको र बैकले गरेको कर्जा नोक्सानी ब्यवस्थाले बैंकलाई थप बलियो बनाउने,
- चालु बर्षको पहिलो त्रयमासमा बैंकले राम्रो नाफा कमाउन सफल भएको छ, अर्को वर्ष बैंकले फरक खालको नतिजा ल्याउनेमा शेयरधनीमहानुभावहरुलाई विश्वास दिलाउँदै गत वर्षको तुलनामा गैर बैकिङ्ग सम्पत्तिमा बृद्धि भएता पनि बैंकिङ्ग क्षेत्रको औषत भन्दा न्यून रहेको, बैंकले गैर बैकिङ्ग सम्पत्ति व्यवस्थापन गर्नका लागि आवश्यक रणनीति अपनाई कार्य गरिरहेको,
- हालको वर्तमान अवस्थामा Real Estate क्षेत्रमा देखा परेको समस्याले गर्दा गैर बैंकिङ्ग सम्पत्तिहरु बिक्री हुन नसकेको र अपलेखन गरिएको कर्जाहरु नेपाल राष्ट्र बैंकको नियम भित्र रहेर गरिएको र उक्त कर्जाहरुको असुलीको प्रयासहरु जारी नै रहेको,
- बैंकले जारी गर्न लागेको अविमोच्य असञ्चिति अग्राधिकार शेयर दीर्घकालिन प्रकृतीको हुने, लागत समेत कम हुने र रु.३ अरवको शेयर जारी गर्दा थप लगभग रु.३३ अरव बराबरको रकम कर्जा/लगानी गर्नका लागि योग्य पूँजि बृद्धी हुने हुँदा बैंकलाई थप ब्यवसाय विस्तार गर्न सहज हुने,
- एनएमबि बैंक ग्रिन र दिगो विकासको एजेण्डाका साथ अगाडी बढेको, हाईड्रो र नविकरणीय उर्जामा लगानी रहेकोले भविष्यमा अगाडी बढन सफल हुने कुरा उल्लेख गर्दै व्यवस्थापनले बोर्डबाट राम्रो खालको guidance पाईराखेकोले राम्रो नतिजा ल्याउनेमा विश्वास दिलाउनु भयो,
- एनएमबि बैंक प्रति देखाउनु भएको विश्वास र मायाको लागि सम्पुर्ण शेयरधनी तथा नियमनकारी निकायलाई धन्यवाद दिन चाहन्छु । बैंकको संस्थापक शेयरधनी एफएमओ, योंग लियन रियल्टी, कर्मचारी संचय कोष लगायतका शेयरधनीहरुबाट प्राप्त सहयोगका लागि आभार प्रकट गर्दै धन्यवाद ज्ञापन गर्दछु ।

## ११. सभाबाट पारित प्रस्तावहरू :

साधारण सभामा पूर्व सूचित छलफलका विषयहरूमा छलफल गरी पारित गर्न सभापतिको आज्ञाले बैंकका कम्पनी सचिवले क्रमानुसार राख्नु भएको प्रस्तावहरू उपर सभाका शेयरधनीहरूले सर्वसम्मतिबाट देहाय बमोजिम पारित गर्नुभयो ।

### (क) सामान्य प्रस्तावतर्फ :

१. उनन्तीसौं वार्षिक साधारण सभामा सञ्चालक समितिको तर्फबाट सञ्चालक समितिका अध्यक्ष श्री मनोज कुमार गोयलले पेश गर्नु भएको आ.व. २०८०/०८१ को सञ्चालक समितिको वार्षिक प्रतिवेदन सभाबाट पारित गर्ने सर्वसम्मतिबाट निर्णय भयो ।

२. लेखापरीक्षकको प्रतिवेदन सहित २०८१ आषाढ मसान्तको वासलात र आ.व.२०८०/०८१ को नाफा-नोक्सान हिसाब (एकीकृत ईक्विटीमा भएको परिवर्तनको विवरण) तथा नगद प्रवाह विवरण लगायतका वार्षिक वित्तीय विवरणहरु (सहायक कम्पनीहरु एनएमबि क्यापिटल लिमिटेड, एनएमबि लघुवित्त वित्तीय संस्था लिमिटेड र एन.एम.बि. सेक्युरिटिज लिमिटेडको एकीकृत वित्तीय विवरणहरु समेत) सभाबाट पारित गर्ने सर्वसम्मतिबाट निर्णय भयो ।

३. कम्पनी ऐन, २०६३ को दफा १११ तथा बैंक तथा वित्तीय संस्थासम्बन्धी ऐन, २०७३ को दफा ६३ अनुसार आ.व. २०८१/०८२ को लागि लेखापरीक्षकको नियुक्ति तथा निजको पारिश्रमिक तोक्ने सम्बन्धमा लेखापरीक्षण समितिबाट सिफारिस भए अनुसार लेखापरीक्षक एस.ए.आर. एशोसिएट्स, चार्टर्ड एकाउण्टेन्ट्सलाई रू.२५,००,०००/- (अक्षेरेपी पच्चीस लाख मात्र) (मूल्य अभिबृद्धि कर बाहेक) पारिश्रमिक प्रदान गर्ने गरी लेखापरीक्षकमा नियुक्त गर्ने सर्वसम्मतिबाट निर्णय भयो ।

### (ख) विशेष प्रस्ताव :

१. सञ्चालक समितिले प्रस्ताव गरे बमोजिम प्रति शेयर रु.१००।- का दरले रु.३ अर्ब बराबरको "एनएमबि ८.२५% अविमोच्य असञ्चिति अग्राधिकार शेयर" जारी गर्न स्वीकृति प्रदान गर्ने सर्वसम्मतिबाट निर्णय भयो । साथै, शेयरधनीहरुले सभामा दिनु भएको सुझाव बमोजिम अविमोच्य असञ्चिति अग्राधिकार शेयर (Perpetual Non-Cumulative Preference Share) जारी गर्दा लाभाँश दर ८.२५% भन्दा कम वा ८.२५% मा नबढ्ने गरि जारी गर्ने निर्णय गरियो ।

२. अविमोच्य असञ्चिति अग्राधिकार शेयर जारी भए पश्चात बैंकको पुंजी बृद्धि गर्नुपर्ने भएकोले बैंकको हालको अधिकृत पूँजी रु.२०,००,००,००,०००/- (अक्षेरेपि बीस अरब मात्र) रहेकोमा सोलाई बृद्धि गरि रु.२५,००,००,००,०००/- (अक्षेरेपि पच्चीस अरब मात्र) पुऱ्याउन स्वीकृति प्रदान गर्ने सर्वसम्मतिबाट निर्णय भयो ।

३. अविमोच्य असञ्चिति अग्राधिकार शेयर जारी भए पश्चात बैंकको हाल कायम जारी तथा चुक्ता पूँजी रु.१८,३६,६७,०५,९५९/२४ (अक्षेरेपि अठार अरब छत्तीस करोड सतसठ्ठी लाख पाँच हजार नौ सय उनन्साठी र पैसा चौबीस मात्र) लाई बृद्धि गरि रु.२१,३६,६७,०५,९५९/२४ (अक्षेरेपि एक्काईस अरब छत्तीस करोड सतसठ्ठी लाख पाँच हजार नौ सय उनन्साठी र पैसा चौबीस मात्र) पुऱ्याउन स्वीकृति प्रदान गर्ने सर्वसम्मतिबाट निर्णय भयो ।

४. बैंकको प्रबन्धपत्रको दफा ५(कक)(८), ५(कक)(९), ६(क), ६(ख), ६(ग), ७ र ८(झ) तथा नियमावलीको नियम ७, ८, ९, २५(२), २५(३) र २८ मा देहाय बमोजिम आवश्यक थप/संशोधन गर्ने सर्वसम्मतिबाट निर्णय भयो :

NMB BANK LIMITED
एनएमबि बैंक लिमिटेड

**प्रबन्धपत्रमा देहाय बमोजिम थप/संशोधन गर्ने:**

(अ) बैंकको प्रबन्धपत्रको दफा ५(कक)(७) पछि दफा ५(कक)(८) र दफा ५(कक)(९) थप गरि देहायका व्यवस्था गर्ने :

**दफा ५(कक)(८)** "बिदेशी कम्पनी लगायतका अन्य संस्थाहरुलाई परामर्श सेवा प्रदान गर्ने ।"

**दफा ५(कक)(९)** "नियमनकारी निकायहरुको स्वीकृति लिई स्वदेशी वा विदेशी मुद्रामा ग्रिन वण्ड, डिवेन्चर लगायतका अन्य वित्तीय उपकरणहरु बिदेशी बजारमा निष्काशन, बिक्री वितरण तथा सो संग सम्बन्धित आवश्यक सम्पुर्ण कार्यहरु गर्ने ।"

(आ) **दफा ६(क)** मा हाल रहेको "बैंकको अधिकृत पूँजी रु.२०,००,००,००,०००/- (अक्षेरेपि बीस अरब मात्र) हुनेछ। सो पूँजीलाई प्रतिशेयर रु.१००/- दरका २०,००,००,००० (अक्षेरेपि बीस करोड) थान शेयरमा विभाजन गरिएको छ ।" भन्ने व्यवस्थालाई संशोधन गरि "बैंकको अधिकृत पूँजी रु.२५,००,००,००,०००/- (अक्षेरेपि पच्चीस अरब मात्र) हुनेछ । सो पूँजीलाई प्रतिशेयर रु.१००।- दरका २५,००,००,००० (अक्षेरेपि पच्चीस करोड) थान शेयरमा विभाजन गरिएको छ।" भन्ने व्यवस्था गर्ने ।

(इ) **दफा ६(ख)** मा हाल रहेको "बैंकको जारी पूँजी रु.१८,३६,६७,०५,९५९/२४ (अक्षेरेपि अठार अरब छत्तीस करोड सतसट्ठी लाख पाँच हजार नौ सय उनन्साठी र पैसा चौबीस मात्र) हुनेछ। सो पूँजीलाई प्रतिशेयर रु.१००/- दरका १८,३६,६७,०५९.५९ (अक्षेरेपी अठार करोड छत्तीस लाख सतसट्ठी हजार उनन्साठी दशमलव पाँच नौं) थान शेयरमा विभाजन गरिएको छ।" भन्ने व्यवस्थालाई संशोधन गरि "बैंकको जारी पूँजी रु.२१,३६,६७,०५,९५९/२४ (अक्षेरेपि एक्काईस अरब छत्तीस करोड सतसट्ठी लाख पाँच हजार नौ सय उनन्साठी र पैसा चौबीस मात्र) हुनेछ। सो पूँजीलाई प्रतिशेयर रु.१००/- दरका १८,३६,६७,०५९.५९ (अक्षेरेपि अठार करोड छत्तीस लाख सतसट्ठी हजार उनन्साठी दशमलव पाँच नौं) थान साधारण शेयरमा र प्रतिशेयर रु.१००/- दरका ३,००,००,००० (अक्षेरेपी तीन करोड) थान अग्राधिकार शेयर गरी २१,३६,६७,०५९.५९ (अक्षेरेपि एक्काईस करोड छत्तीस लाख सतसट्ठी हजार उनन्साठी दशमलव पाँच नौं) थान शेयरमा विभाजन गरिएको छ।" भन्ने व्यवस्था गर्ने ।

(ई) **दफा ६(ग)** मा हाल रहेको " बैंकको चुक्ता पूँजी रु.१८,३६,६७,०५,९५९/२४ (अक्षेरेपि अठार अरब छत्तीस करोड सतसट्ठी लाख पाँच हजार नौ सय उनन्साठी र पैसा चौबीस मात्र) हुनेछ ।" भन्ने व्यवस्थालाई संशोधन गरि "बैंकको चुक्ता पूँजी रु.२१,३६,६७,०५,९५९/२४ (अक्षेरेपि एक्काईस अरब छत्तीस करोड सतसट्ठी लाख पाँच हजार नौ सय उनन्साठी र पैसा चौबीस मात्र) हुनेछ। सो पूँजीलाई प्रतिशेयर रु.१००/- दरका १८,३६,६७,०५९.५९ (अक्षेरेपि अठार करोड छत्तीस लाख सतसट्ठी हजार उनन्साठी दशमलव पाँच नौं) थान साधारण शेयरमा र प्रतिशेयर रु.१००/- दरका ३,००,००,००० ( अक्षेरेपि तीन करोड) थान अग्राधिकार शेयरमा विभाजन गरिएको छ।" भन्ने व्यवस्था गर्ने ।

(उ) **दफा ७** मा हाल रहेको " **बैंकको शेयरको किसिम** : हाल साधारण शेयर बाहेक अन्य प्रकारको शेयरको व्यवस्था नगरिएको हुँदा बैंकको शेयरको किसिम साधारण शेयर मात्र हुनेछ। अग्राधिकार शेयर जारी गर्नु परेमा प्रबन्धपत्र तथा नियमावलीमा आवश्यक संशोधन गरी प्रचलित कानूनको रीत पुऱ्याई नेपाल राष्ट्र बैंकको स्वीकृति लिएर मात्र त्यस्तो शेयर जारी गर्न सकिनेछ।" भन्ने व्यवस्थालाई संशोधन गरि देहायको व्यवस्था गर्ने :

दफा ७. "**बैंकको शेयरको किसिम** : बैंकको शेयरको किसिम देहाय बमोजिम हुनेछ।

(१) साधारण शेयर (मताधिकार भएको)
- (क) संस्थापक (५१ प्रतिशत)
- (ख) सर्वसाधारण (४९ प्रतिशत)

(२) अग्राधिकार शेयर (मताधिकार नभएको)"

(ऊ) दफा ८(ज) पछि ८(झ) थप गरि " बैंकबाट जारी भएको अग्राधिकार शेयर सम्बन्धमा प्रचलित ऐन, नियम तथा नियमनकारी निकायहरुले समय समयमा तोके बमोजिम हुनेछ ।" भन्ने व्यवस्था गर्ने

**नियमावलीमा देहाय बमोजिम थप/संशोधन गर्ने :**

(अ) **नियम ७** मा हाल रहेको " **विभिन्न वर्गका शेयरहरु जारी गर्ने भए त्यस्ता शेयरको वर्ग, त्यसमा निहित शेयरधनीको हक, अधिकार तथा बन्देजहरु** : साधारण शेयर बाहेक अन्य वर्गका शेयरको सम्बन्धमा हाललाई कुनै व्यवस्था गरिएको छैन । साधारण शेयरको समूहगत संरचना प्रबन्धपत्रको दफा ६ मा उल्लेख गरिए बमोजिम हुनेछ ।" भन्ने व्यवस्थालाई संशोधन गरि "**विभिन्न वर्गका शेयरहरु जारी गर्ने भए त्यस्ता शेयरको वर्ग, त्यसमा निहित शेयरधनीको हक, अधिकार तथा बन्देजहरु** : बैंकको शेयरको वर्ग तथा शेयरधनीहरुको हक, अधिकार प्रबन्धपत्रको दफा ७ बमोजिम हुनेछ । अग्राधिकार शेयरधनीहरुका अन्य अधिकार लगायतका विषयहरु साधारण सभाले तोके बमोजिम हुनेछ ।" भन्ने व्यवस्था गर्ने ।

(आ) **नियम ८** मा हाल रहेको " **नियम ७ बमोजिम जारी भएको शेयर खरिद गर्ने शेयरधनीको अधिकारमा हेरफेर गर्दा सम्बन्धित वर्गका शेयरधनीहरुको स्वीकृति चाहिने वा नचाहिने** : हाल विभिन्न वर्गका शेयरहरु जारी गरिएको छैन । सो सम्बन्धी व्यवस्था गर्नु परेको खण्डमा प्रचलित कानूनको अधीनमा रही राष्ट्र बैंकको स्वीकृति लिई विभिन्न वर्गका शेयर खरिद गर्ने शेयरधनीका अधिकारमा हेरफेर गर्दा त्यस्ता वर्गका शेयरधनीहरुको स्वीकृतिको सम्बन्धमा आवश्यक व्यवस्था गर्न सकिनेछ ।" भन्ने व्यवस्थालाई संशोधन गरि "**नियम ७ बमोजिम जारी भएको शेयर खरिद गर्ने शेयरधनीको अधिकारमा हेरफेर गर्दा सम्बन्धित वर्गका शेयरधनीहरुको स्वीकृति चाहिने वा नचाहिने** : प्रचलित कानूनको अधीनमा रही नेपाल राष्ट्र बैंकको स्वीकृति लिई विभिन्न वर्गका शेयर खरिद गर्ने शेयरधनीका अधिकारमा हेरफेर गर्दा त्यस्ता वर्गका शेयरधनीहरुको स्वीकृतिको सम्बन्धमा आवश्यक व्यवस्था गर्न सकिनेछ ।" भन्ने व्यवस्था गर्ने ।

(इ) **नियम ९** मा हाल रहेको " **अग्राधिकार शेयर सम्बन्धी व्यवस्था** : बैंकको सम्पूर्ण शेयरहरु साधारण शेयरले बनेको हुँदा हाल अग्राधिकार शेयर सम्बन्धी व्यवस्था गरिएको छैन । सो शेयर सम्बन्धी व्यवस्था गर्नु परेको खण्डमा प्रचलित कानूनको अधीनमा रही राष्ट्र बैंकको स्वीकृति लिई अग्राधिकार शेयर जारी गर्ने सम्बन्धमा आवश्यक व्यवस्था गर्न सकिनेछ ।" भन्ने व्यवस्थालाई संशोधन गरि "**अग्राधिकार शेयर सम्बन्धी व्यवस्था** : बैंकले प्रचलित कानूनको अधीनमा रही संचालक समितिबाट तोकिएको दरमा लाभांशको रकम वितरण गर्ने गरि साधारण सभाबाट पारित गराई नियमनकारी निकायको स्वीकृति लिई अग्राधिकार शेयर जारी गर्नेछ ।" भन्ने व्यवस्था गर्ने

(ई) **नियम २५(२)** मा हाल रहेको "फरक मताधिकार भएका शेयरहरु जारी गर्न सकिनेछ तर हाल त्यस्तो शेयर जारी गरिएको छैन ।" भन्ने व्यवस्थालाई संशोधन गरि "फरक मताधिकार भएका वा मताधिकार नभएका शेयरहरु जारी गर्न सकिनेछ ।" भन्ने व्यवस्था गर्ने ।

(उ) **नियम २५(३)** मा हाल रहेको "साधारण सभामा मताधिकार नहुने शेयर जारी गरिएको छैन ।" भन्ने व्यवस्थालाई संशोधन गरि "बैंकबाट जारी हुने अग्राधिकार शेयर धारण गर्ने शेयरधनीहरुको साधारण सभामा मताधिकार रहने छैन ।" भन्ने व्यवस्था गर्ने ,

(ऊ) **नियम २८** मा हाल रहेको "**संचालक हुन लिनुपर्ने न्युनतम शेयर संख्या** : यस बैंकको संचालकको पदमा नियुक्त हुनको लागि कुनै पनि शेयरधनीले आफ्नो नाममा ऋणभार मुक्त कम्तीमा १०० कित्ता शेयर लिएको हुनुपर्नेछ । तर स्वतन्त्र संचालक र संगठित संस्थाको प्रतिनिधित्व गर्ने संचालकको हकमा यो व्यवस्था लागु हुने छैन ।" भन्ने व्यवस्थालाई संशोधन गरि "**संचालक हुन लिनुपर्ने न्युनतम शेयर संख्या** : यस बैंकको संचालकको पदमा नियुक्त हुनको लागि कुनै पनि शेयरधनीले आफ्नो नाममा ऋणभार मुक्त कम्तीमा १०० कित्ता मताधिकार भएको शेयर लिएको हुनुपर्नेछ । तर स्वतन्त्र संचालक र संगठित संस्थाको प्रतिनिधित्व गर्ने संचालकको हकमा यो व्यवस्था लागु हुने छैन ।" भन्ने व्यवस्था गर्ने ।

५. बैंकको प्रवन्धपत्र तथा नियमावलीको संशोधनको स्वीकृति लिंदा वा अभिलेख गर्दा गराउंदा केही सामान्य हेरफेर गर्न, संशोधन सम्बन्धी कागजात प्रमाणित गर्न, दाखिला गर्न र अभिलेख गराई लिन तथा

अविमोच्य असञ्चिति अग्राधिकार शेयर जारी गर्नका लागि कुनै थप संशोधन आवश्यक भएमा सो गर्न, अविमोच्य असञ्चिति अग्राधिकार शेयर जारी गर्नका लागि विवरणपत्र स्वीकृत गर्न, नेपाल राष्ट्र बैंकको निर्देशनको अधिनमा रही अग्राधिकार शेयरधनीहरुका अन्य अधिकार लगायतका विषयहरु तोक्ने कार्यहरु गर्न समेत सञ्चालक समिति वा आवश्यकतानुसार सञ्चालक समितिले तोकेको पदाधिकारीलाई अख्तियारी दिने सर्वसम्मतिबाट निर्णय भयो ।

(ग) **विविधः** विविध तर्फ छलफलको विषय नभएको ।

**१२. बधाई तथा धन्यवाद ज्ञापन :**

आजको साधारण सभा सौहार्दपूर्ण वातावरणमा शान्तिपूर्वक सम्पन्न भएकाले उपस्थित सम्पूर्ण शेयरधनी महानुभावहरू, सञ्चालक समितिका सदस्यहरु, बिभिन्न निकायका प्रतिनिधिहरु, लेखापरीक्षक, कानूनी सल्लाहकार, संस्थागत रुपमा यस साधारण सभामा प्रतिनिधित्व गर्नु हुने प्रतिनिधिहरु, बैंकसँग सम्बन्धित सबै सरोकारवालाहरु लगायत अन्य उपस्थित सम्पुर्ण महानुभावहरूलाई समेत यस बैंकको उनन्तीसौं वार्षिक साधारण सभा सफलतापूर्वक सम्पन्न गर्न सहयोग गर्नु भएकोमा सभाका सभापतिले हार्दिक धन्यवाद ज्ञापन गर्नुभयो ।

**१३. सभा विसर्जन :**

उनन्तीसौं वार्षिक साधारण सभामा समावेश गरिएका विषय सूची अन्तर्गतका विषयहरू उपर छलफल गरि निर्णय भैसकेकाले सम्पूर्ण उपस्थित महानुभाबहरुलाई सभा सफलतापूर्वक सम्पन्न गरिदिनु भएकोमा बधाई ज्ञापन गर्दै बैंकका सञ्चालक समतिका अध्यक्ष तथा यस साधारण सभाका सभापति श्री मनोज कुमार गोयलले दिनको १:४५ बजे सभा समापन भएको घोषणा गर्नुभयो ।

| | | |
|---|---|---|
| -------------<br>प्रमोद कुमार दाहाल<br>कम्पनी सचिव | NMB BANK LIMITED<br>एनएमबि बैंक लिमिटेड | -------------<br>मनोज कुमार गोयल<br>अध्यक्ष |